## विषादी विष हो कि औषधी ?




बोट बिरुवाको उत्पादनमा रोग किरा, मुसा, चरा तथा झारपातहरुले क्षति पुर्‍याउने डर किसानहरुलाई सँधै हुन्छ। पर्याप्त बाली उत्पादन गर्न बाधा पुर्‍याउने यी कारकहरुलाई विभिन्न रसायनहरु प्रयोग गरी नियन्त्रण गर्न सकिन्छ। यिनै रसायनहरुलाई विषादी भन्ने गरिन्छ।

## के त्यसो भए विषादी औषधी हो ?

विषादीको उचित छनौट र नियन्त्रित प्रयोगबाट उत्पादनमा वृद्धि हुने निश्चय नै हो तर विषादीको प्रयोग अनियन्त्रित र अव्यवस्थित भईदिंदा स्वास्थ्य र वातावरणमा निकै ठुलो नकारात्मक असर पर्दछ। विषादीको अवशेस् माटो, पानी र खाद्यवस्तुमा रहिरहने गर्दछ र यी तत्वहरु मानव शरीरका विभिन्न अङ्गहरुमा जम्मा भएर दिर्घकालिन रुपमा यसले क्यान्सर पक्षघात जस्ता डरलाग्दा रोगहरु पनि निम्त्याउँछ। तसर्थ विषादी औषधी नभई मन्द विष हो।

## विषादीले स्वास्थ्यमा कस्ता कस्ता असर पुर्‍याउँछ ?

विषादीको प्रयोग सुरक्षित तरिकाले गरिएन भने प्रत्यक्ष असरका रुपमा आँखा चिलाउने, पोल्ने, छालाका विभिन्न समस्या तथा श्वास प्रश्वास सम्बन्धी विभिन्न लक्षणहरु देखा पर्दछन्। यी स्वास्थ्य समस्याहरु मानिसलाई सामान्य लाग्न सक्दछन् तर लामो समयसम्म विषादीको प्रयोग गरिरहनाले र विषादीयुक्त खाना खानाले क्यान्सर, पक्षघात, बाँझोपन, सुस्त मनस्थितिका शिशु जन्मिने तथा उच्च रक्तचाप जस्ता समस्या पनि देखा पर्न सक्दछन्। भरतपुर बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले वि.सं. २०६० देखि २०६९ सम्म नेपालका सबै क्यान्सर अस्पतालका बिरामीहरुको तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी क्यान्सर कृषकहरुमा देखाएको छ।

## नेपालमा प्रतिबन्धित विषादीहरु कुन-कुन हुन् त ?

नेपालमा हालसम्म १६ वटा विषादीहरुको ओसार पोसार र प्रयोगमा प्रतिबन्द लगाइएको छ। ती हुन्: अल्ड्रिन, डाइअल्ड्रिन, इन्ड्रीन, हेप्टाक्लोर, डि.डि.टि, बी.एच्.सी, ओरगानोम्रक्युरिक फङ्गीसाइड, इन्डोसल्फान, लिन्डेन, टोक्जाफेन, माइरेक्स, फोसपामेडिन, क्लोराडेन, मोनोक्रोटोफस् र इन्डोसल्फान। प्रतिबन्धित विषादीहरुमा रातो लेबल हुन्छ र यी विषादी सबैभन्दा बढी खतरनाक हुन्छन्।




के तपाईले यी खतरनाक विषादी त बेचिरहनु भएको छैन ?




तपाईले दिनहुँ खाने खानेकुरामा यी खतरनाक विषादी त प्रयोग भएका छैनन् ?

## के तपाईलाई विषादीको लेबलबारे थाहा छ ?

विषादीमा ४ वटा लेबल प्रयोग गरिएका हुन्छन् जसमध्ये हरियो लेबलको विषादी तुलनात्मक रुपमा सुरक्षित हुन्छ। त्यसपछि निलो, पहेलो र रातो लेबल भएका विषादीहरु क्रमस खतरनाक, धेरै खतरनाक र अत्यन्त खतरनाक हुन्छन्।




कम खतरनाक | खतरनाक | धेरै खतरनाक | अत्यन्त खतरनाक




तपाईले प्रयोग गरिरहनुभएको विषादी कत्तिको खतरनाक रहेछ त ? कतै तपाईले आफ्नै परिवार, छरछिमेक र उपभोक्तालाई रोगी त बनाइ राख्नु भएको छैन ?

## विषादीको विकल्प के छ त ?

### यसका मूलत दुईवटा विकल्प छन्।

१. **जैविक विधि/पद्दति**

प्रकृतिक स्रोतहरु मिसाई बनाइएको झोल वा जिवित सुक्ष्म जीव प्रयोग गरी रोगकिराको रोकथाम गर्ने विधिलाई जैविक विधि भनिन्छ। जैविक पद्दतिले रोगकिराबाट बालीलाई बचाउनुका साथै मानव स्वास्थ्यको पनि सुरक्षा गर्दछ। साथै, यसले शत्रुजीवको प्रभाव घटाई मित्रजीवको संरक्षण समेत गर्दछ। रासायनिक विषादी भन्दा जैविक पद्दति तुलनात्मक रुपमा निकै कम खर्चिलो हुन्छ।

प्रायः कृषकहरुलाई जैविक विधि प्रयोग गरेर व्यवशायिक खेती गर्न झन्झटिलो लाग्न सक्दछ। उत्पादन पनि कम हुने र महंगो पर्ने पनि लाग्न सक्तछ। तर, यो केवल केही समयका लागि मात्र हो। जैविक विधि प्रयोग गरेको केही समयपश्चात् शत्रुजीवको संख्यामा कमी भई मित्रजीवहरुले नै प्रभावकारी

भुमिका खेल्ने हुँदा उत्पादन फेरी बढ्दछ र वातावरण र स्वास्थ्य सुदृढ हुँदै जान्छ । त्यति मात्र होइन, जैविक पद्दतिबाट गरिएको खेतीको प्रचारप्रसार गरी उक्त खेतीलाई स्रोत केन्द्रका रुपमा स्थापित गर्न सकियो भने आम्दानीको नयाँ बाटो पनि खुल्न जान्छ ।

## २. सुरक्षित विषादी र सुरक्षित उपाय



विषादी प्रयोग गरिरहेको स्थितिबाट एकैचोटी जैविक पद्दतिमा जाँदा अत्पादनमा ह्रास आउन सक्तछ । तसर्थ, हरेक वर्ष रासायनिक विषादीको मात्रा घटाउँदै जैविक पद्दतिलाई स्थापित गर्दै लैजानु बुद्धिमानी हुन्छ । यसो गरे केही वर्षमै जैविक पद्दति स्थापित भई मनग्य र स्वस्थ्य उत्पादन गर्न सकिन्छ ।

**रासायनिक विषादी प्रयोग गर्दैगर्दा ध्यान दिनुपर्ने केही महत्वपूर्ण कुराहरु हुन्छन् :**

- विषादीको प्रयोग भौतिक तथा यान्त्रिक र जैविक विधिले किराको व्यवस्थापन नभएपछि मात्र गर्नुपर्दछ ।
- विषादीको छनौट र प्रयोग प्राविधिकको सल्लाह बमोजिम मात्र गर्नुपर्दछ ।
- विषादीलाई कहिले पनि नाङ्गो हातले चलाउनु हुँदैन ।
- पानीको स्रोत नजिक विषादी मिसाउने वा छर्कने कहिल्यै गर्नुहुँदैन ।
- विषादी छर्कदा आखाँ, नाक, मुख र छालाबाट शरीर भित्र पस्ने हुदाँ पुरै शरीर ढाकेर मात्र विषादी छर्कनु पर्दछ ।
- विषादीको प्रयोग हावा नचलेको समयमा बिहान शीत ओभाएपछि वा बेलुकीपख मात्र गर्नुपर्दछ ।
- हावाको विपरीत दिशातिरबाट कहिले पनि विषादी छर्कनु हुँदैन ।
- मौरीलाई विषादीले हानी पुऱ्याउने हुदाँ फूल फूलेको बेला विषादी प्रयोग गर्नुहुँदैन ।
- विषादिको प्रयोग गरे लगत्तै कृषि उपज बेच्नु वा खानु हुँदैन ।
- प्रयोग भएको विषादीको भाँडा ३ पटक सफापानीले पखालेर मात्र जलाउने वा माटोमा गाड्नु पर्दछ ।
- विषादी छर्किने काम सकिसकेपछि सफापानीले नुहाउने र लगाएको कपडा फेर्ने गर्नुपर्दछ ।
- विषादी बालबालिकाको पहुँचभन्दा टाढा सुरक्षित ठाउँमा भण्डारन गर्नुपर्दछ ।



**तरकारी तथा फलफूल किन्दा टलक्क टल्केको, अस्वभाविक ढङ्गले फस्टाएको र बेमौसमी होइन, प्राकृतिक रंग र आकार भएको छनौट गर्नुपर्दछ ।**

**साझेदारी संस्थाहरु**

Dialogos DENMARK

DASAM Dansk Selskab for Arbejds- og Miljømedicin

# कृषि, स्वास्थ्य र वातावरण नेपाल परियोजना



**नेपाल जनस्वास्थ्य प्रतिष्ठान**
भरतपुर-१०, बालमन्दिर रोड, चितवन
टेलिफोन: ०५६-५२१४३२
Website: www.nphfoundation.org
Email: fhen@nphfoundation.org